## अर्थमन्त्रालयको सूचना

जिल्ला जिल्लाको वर्गीयकरण, बडाहाकिमहरूको बेतन विषय प्रकाशित भएको ०६।३।२ को गजेटमा पाल्पा गौंडालाई क. श्रेणीमा निर्धारित गरिएको-मा बाग्लुङ र गुल्मी सो गौंडाको अधीनस्थ रहेसम्म मात्र उक्त श्रेणीमा रही सो जिल्लाहरूको तालुक छुटेपछि सो जिल्ला बडाहाकिमको तलब बेतन ख. श्रेणी-मा परिवर्तित हुनेछ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

पे-कमिशनको चेयरम्यान श्रीदेवनाथप्रसाद शर्मा बिदामा जानुभएकोले वहाँको अनुपस्थितिमा सो कमिशनका सदस्य एकाउण्टेन्ट जनरल श्रीसरदार मानबहादुर चेयरम्यान भै काम गर्नुहुने भएको छ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

पब्लिक सर्भिस कमिशनका चेयरम्यान र मेम्बरहरूको निमित्त पेन्सनबारे निम्न लेखिएको नियम निर्धारित गर्ने निर्णय भएको हुनाले सूचित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पेन्सनको रूलबमोजिम नोकरी वर्ष पुगेका र पेन्सनवालाहरूबाट छानिएर आएका चेरयम्यान तथा मेम्बरहरूको हकलाई पेन्सनको रूल नियम जो छ, सोबमोजिम हुनेछ ।

(ख) २५ वर्षको ( अविच्छिन्न ) नोकरी पूरा नभै पेन्सनको रूल नियमले पेन्सन नपाउने भैरहेका पदाधिकारीहरूको हकलाई [ निजहरूले आफ्नो नोकरीको अवधि भुक्तान भई अरू सरकारिया कुनै नोकरी नपाउने गरी रिटाएर्ड हुने भएमा हर्जानाको रूपमा सो पोष्टहरूमा काम गरेको प्रत्येक पूर्ण वर्ष १ को महिना १ का दरले पाउने तलबको अंक एकै पटक प्रदान गरिनेछ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी,—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

निम्नलेखिएका कुरामा निम्नलेखिएबमोजिम गर्ने—२०१० साल ज्येष्ठ ३० गतेमा निर्णय भएको छ ।

(क) वाग्लुङ्ग कुट खेतीको मेनेजरलाई दर्ज्यानी साबिकै कायम गरी ५०-६० को स्केलमा राखी तलब खुवाउने ०६ साल पौष १५ गते गजेट प्रकाश भएकोमा ७०-१३० को स्केलमा राखी खुवाउने— — — १

(ख) ललितपुर भेटनरी डिस्पेन्सरीको क्लर्क काम गर्ने कालिगढलाई पहिला दर्जाको कारिन्दा दर्ज्यानी कायम गरी ५०-६० को स्केलमा राखी तलब

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।